गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु
मिति : २०८३/०२/२५

निर्णय नं. १,

पञ्चकन्या गाउँपालिकाको आगामी आ.व. ०८३/८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गरी विधिसम्मत पारीत गराउनुपर्ने भएकोले सोको लागि प्रत्येक वडाहरुमा वडा कार्यालयले बस्ती तथा टोल भेला आयोजना गरी योजना, कार्यक्रम तथा सल्लाह र सुझाव संकलन गरी गाउँपालिकालाई उपलब्ध गराउने साथै सवै विषयगत समितिले वार्षिक नीति, कार्यक्रम र बजेटको सम्बन्धमा बैठक बसी आवश्यक तयारी गर्ने निर्णय गरियो।

निर्णय नं. २,

पञ्चकन्या गाउँपालिकाको क्षेत्रभित्र जग्गाको भू-उपयोग क्षेत्र वर्गिकरण गर्नुपर्ने आवश्यकता भएपनि यस चालु आ.व. ०८२/८३ मा वजेटको प्रबन्ध नभएको र पालिकामा हाल मौजुदा जनशक्तिबाट उक्त कार्य सम्पादन गर्न सम्भव नदेखिएकोले बाह्य परामर्श सेवा लिनु पर्ने देखिएकोले आगामी आ.व. ०८३/८४ को सुरुवातमै उक्त कार्य सम्पादन गरिने निर्णय गरियो।

निर्णय नं. ३,

यस पञ्चकन्या गाउँपालिका, वडा कार्यालय र अस्पताल लगायत स्वास्थ्य संस्थाहरुमा विगतमा नेपाल सरकारले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वे बमोजिमको कर्मचारीहरुको पुरानै दरवन्दी हालसम्म यथावत रहेको र गाउँपालिकाको विषय, कार्यक्षेत्र विस्तार भई कर्मचारी अभाव रहेको सन्दर्भमा भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ लाई समेत आधार लिई यस गाउँपालिकाको आर्थिक, सामाजिक, प्रशासनिक र सेवा प्रवाहको सम्पूर्ण अवस्थालाई मध्यनजर गरी पञ्चकन्या गाउँपालिकाले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी प्रतिवेदनलाई स्वीकृत गर्ने र आगामी सभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४,

महालेखा परीक्षकको ६३ औं प्रतिवेदन सार्वजनिक भएको र यस पञ्चकन्या गाउँपालिकाको केही सैद्धान्तिक र अनियमित बेरुजु औंल्याईएको सन्दर्भमा पर्याप्त छलफल भयो। पञ्चकन्या गाउँपालिकाको अघिल्ला प्रतिवेदनहरुमा औंल्याईएका बेरुजुहरुको सम्बन्धमा समेत सार्वजनिक लेखा समितिले नियमानुसार कारबाही गरी बेरुजु फर्छ्यौटमा तदारुकता प्रदान गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ५,**

नेपाल सरकारले हाल २ दिन शनिबार र आइतवार सार्वजनिक विदा दिएको सन्दर्भमा विद्यालयमा सो अनुसार नै सार्वजनिक विदा दिनुका साथै विद्यार्थीको पठनपाठन र सिकाइमा प्रतिकूल प्रभाव पर्न नदिन शिक्षक/कर्मचारीको कामकाजको समय ९:०० देखि ४:३० बजेसम्म र पठनपाठनको लागि विद्यार्थी विद्यालयमा उपस्थित हुने समय ९:४५ देखि ४:०० बजेसम्म कायम हुने गरी अन्य आवश्यक शैक्षिक/शैक्षणिक कार्यकलापको व्यवस्थापन गर्न विद्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. ६,**

विद्यालयमा शिक्षण सिकाइको तयारीको लागि छुट्याउनुपर्ने समय सामाजिक सञ्जालको गलत प्रयोगले नोक्सान भईरहेको हुँदा विद्यालय समयमा अन्य उपयोगी इन्टरनेट साइटहरू प्रयोग गर्न सकिने तर फेसबुक, टिकटक र यस्तै प्रकृतिका सामाजिक सञ्जाल प्रतिबन्ध गर्न लगाउने,सो को लागि विद्यालयले आफ्नो विद्यालयको इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी facebook र tiktok account चलाउन नसकिने गरी विद्यालयको इन्टरनेट डिभाइसको सेटिंग मिलाउन अनिवार्य लगाउने निर्णय गरियो।

**निर्णय नं. ७,**

गाउँपालिका भित्रका बाल विकास कक्षाहरु मात्र सञ्चालनमा रकेका समुदायमा आधारित तथा विद्यालयमा आधारित सामुदायिक बाल विकास केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापनको प्रवन्ध मिलाउने सहित वार्षिक सामाजिक परीक्षण र लेखापरीक्षण समेत मातृविद्यालयको संगै नै हुने गरी तपशिलबमोजिम मातृ विद्यालय कायम गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | बाल बिकास केन्द्रको नाम | कायम हुने मातृविद्यालय | कै. |
|---|---|---|---|
| १. | नवविहानी बा.वि.के.,पञ्चकन्या-२ | नवसञ्जीवनी मा. वि.,पञ्चकन्या-२ | |
| २. | कमरदेवी बा.वि.के.,पञ्चकन्या-३ | देबकीधरम आ. वि.,पञ्चकन्या-३ | |
| ३. | क्षेत्रपाल बा.वि.के.,पञ्चकन्या-३ | देबकीधरम आ. वि.,पञ्चकन्या-३ | |
| ४. | सुन्दरादेवी बा.वि.के.,पञ्चकन्या-४ | गम्बोडाँडा आ. वि.,पञ्चकन्या-४ | |
| ५. | सुन्दरकन्या बा.वि.के.,पञ्चकन्या-४ | गम्बोडाँडा आ. वि.,पञ्चकन्या-४ | |

Scanned with CamScanner

निर्णय नं. ८,

शिक्षा मन्त्रालयबाट जारी बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८० को दफा ९ बमोजिम गाउँपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल तपसिल बमोजिम गठन गर्ने निर्णय सर्बसम्मत गरियो।

<u>तपसिल</u>

१. उपाध्यक्ष श्री बिमला के.सी. — संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत श्री हिराधन राई — सदस्य
३. महिला तथा बालबालिका शाखा प्रमुख श्री कविता भट्ट — सदस्य
४. स्वास्थ्य शाखा प्रमुख श्री हेमनारायण महतो — सदस्य
५. स्थानीय बाल क्लबका तर्फबाट एक जना बालिकासमेत दुई जना (उपाध्यक्षबाट मनोनित भएबमोजिम हुने) — सदस्य
६. वडाध्यक्ष श्री ..... (अध्यक्षबाट तोकिएबमोजिम हुने) — सदस्य
७. अपाङ्गता भएको बालबालिकाको अभिभावकमध्येवाट संयोजकवाट मनोनीत महिला अभिभावक एक जना (उपाध्यक्षबाट मनोनित भएबमोजिम हुने) — सदस्य
८. बालिका तथा समावेशी क्षेत्रमा कार्यरत संस्थामध्येबाट कम्तीमा एक जना महिलासहित तीन जना (गाउँपालिकाबाट मनोनित भएबमोजिम हुने) — सदस्य
९. गाउँपालिका भित्रका अपाङ्गता भएका एक बालक र एक बालिका गरी दुई जना (उपाध्यक्षबाट मनोनित भएबमोजिम हुने) — सदस्य
१०. एक जना महिलासहित दुई जना सञ्चारकर्मी (स्थानीय सञ्जालबाट मनोनित भएबमोजिम हुने) — सदस्य
११. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष एक जना (उपाध्यक्षबाट मनोनित भएबमोजिम हुने) — सदस्य
१२. सामुदायिक विद्यालयका प्रधानाध्यापकमध्येवाट एक जना (स्थानीय सञ्जालबाट मनोनित भएबमोजिम हुने) — सदस्य
१३. सामुदायिक विद्यालयको शिक्षक अभिभावक सङ्घको अध्यक्ष मध्येबाट एक जना (उपाध्यक्षबाट मनोनित भएबमोजिम हुने) — सदस्य
१४. प्रमुख,र इलाका प्रहरी कार्यालय,पञ्चकन्या — सदस्य
१५. विद्यालयका शिक्षकमध्येबाट एक जना(उपाध्यक्षबाट मनोनित भएबमोजिम हुने) — सदस्य
१६. माध्यमिक विद्यालयमध्येबाट गुनासो सुनुवाइ संयन्त्रमा भएको विद्यार्थी छात्रा एकजना(उपाध्यक्षबाट मनोनित भएबमोजिम हुने) — सदस्य
१७. कार्यपालिकाका सदस्यमध्येवाट दुई जना (अध्यक्षबाट तोकिएबमोजिम हुने) — सदस्य
१८. शिक्षा शाखा प्रमुख श्री धर्म राज रिमाल — सदस्य-सचिव

Scanned with CamScanner

निर्णय नं. ९,

पञ्चकन्या गाउँपालिकाको वार्षिक स्वीकृत वजेट अनुसार केही शिर्षकहरुमा वजेट अभाव हुने देखिएको देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | साविक शिर्षक | रकम | रकमान्तर हुने शिर्षक | रकम |
|---|---|---|---|---|
| १. | चेयरमेन कप भलिबल प्रतियोगिता पाँचौ संस्करण | रु. २,५०,०००/- | ईन्धन कार्यालय प्रयोजन | रु. २,५०,०००/- |
| २. | संचार महसुल | रु. ४,००,०००/- | सवारी साधन मर्मत खर्च | रु. ७,००,०००/- |
| ३. | सार्वजनिक सुनुवाई | रु. ३,००,०००/- | | |
| ४. | सरसफाई पारिश्रमिक | रु. ५,००,०००/- | विरामीको अभिभावक गाउँपालिका अध्यक्ष | रु. ५,००,०००/- |
| ५. | चेयरमेन कप भलिबल प्रतियोगिता पाँचौ संस्करण | रु. १,००,०००/- | घलेभञ्ज्याङ खेलकुद समिति, पञ्चकन्या ३ | रु. १,००,०००/- |
| ६. | पशुजन्य औषधी र लजिष्टिक खरिद तथा व्यवस्थापन | रु. २,५०,०००/- | दुध बिक्रीमा अनुदान वितरण रु. ३ प्रति लिटर | रु. ४,५०,०००/- |
| ७. | कर्मचारी तालिम | रु. २,००,०००/- | | |
| ८. | सार्वजनिक सुनुवाई | रु. ४०,०००/- | गत आ.व. को धान दिवस | रु. ४०,०००/- |
| ९. | वेमौषमी तरकारी प्रवर्द्धन कार्यक्रम | रु. १,३५,०००/- | जसले रोप्छ फलफूलको बोट उसको हातमा हरियो नोट | रु. १,३५,०००/- |
| १०. | विविध आकस्मिक भैपरी आउने पुँजिगत | रु. १,००,०००/- | उदय जालपा बलटोल बाहुनटोल हुँदै | रु. १,००,०००/- |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | प्रकृतिका योजना कार्यक्रम सञ्चालन | | कुलकुले सडक नाला तथा सोलिङ | |
| ११. | विविध आकस्मिक भैपरी आउने पुँजिगत प्रकृतिका योजना कार्यक्रम सञ्चालन | रु. २०,०००/- | उदय जालपा स्कूलटोल वाल निर्माण | रु. २०,०००/- |
| १२. | प्रवेश द्वार निर्माण (वडा नं. १) | रु. १,५०,०००/- | माहांकाल पिपलगैरी कृषि मोटरबाटो नयाँ ट्र्याक | रु. १,५०,०००/- |
| १३. | मेलमिलापकर्ताहरुको लागि पुनर्ताजकि तालिम | रु. २०,०००/- | मेलमिलाप केन्द्र सञ्चालन खर्च (विवाद निरुपण खर्च) | रु. २०,०००/- |
| १४. | मेलमिलापकर्ताहरुको लागि पुनर्ताजकि तालिम | रु. २०,०००/- | अन्तर पालिका स्तरिय अनुभव आदनप्रदान कार्यक्रम | रु. २०,०००/- |
| १५. | आकस्मिक तथा भैपरी आउने आर्थिक, सामाजिक, पूर्वधार, वातावरण तथा विविध व्यवस्थापन, बैकल्पिक उर्जा, संस्थागत विकास सेवाप्रवाह सुशासन सम्बन्धी चालु तथा पुँजीगत योजना तथा कार्यक्रमको अन्य संघ संस्थासँग गरिने म्याचिङ फण्ड | रु. २,००,०००/- | लाकुरी भञ्ज्याङ लप्टन डाँडा कात्तिके हुँदै राउटार जाने सडक | रु. २,००,०००/- |
| १६. | आकस्मिक तथा भैपरी आउने आर्थिक, सामाजिक, पूर्वधार, वातावरण तथा विविध व्यवस्थापन, बैकल्पिक उर्जा, संस्थागत विकास | रु. १,००,०००/- | सम्पोटे बतासेडाडा बेलडाडा हुँदै थप्रेक ४ जोड्ने कृषि मोटर बाटो | रु. १,००,०००/- |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | सेवाप्रवाह सुशासन सम्वन्धी चालु तथा पुँजीगत योजना तथा कार्यक्रमको अन्य संघ संस्थासँग गरिने म्याचिङ फण्ड | | | |
| १७. | कर्मचारी तालिम | रु. ५०,०००/- | चिया बिरुवा खरिद तथा ढुवानी | रु. ५०,०००/- |

निर्णय नं. १०,

वडा समितिको निर्णय र वडाको सिफारिस अनुसार राष्ट्रिय रोजगार कार्यक्रम रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकमबाट सञ्चालन हुने आयोजनाबाट तपशिल अनुसारको शिर्षकको रकमान्तर गर्न निर्णय गरियो ।

तपशिल

| सि.न. | हालको शिर्षक | रकम रु. | रकमान्तर शिर्षक | रकम रू. |
|---|---|---|---|---|
| १. | छेउघर कालिकास्थान सिडी निर्माण (संघीय सशर्त) | रु. २५,०००/- | सहरेटार देखि गाडेखोला सम्म सडक नाली सरसफाई पञ्चकन्या २ | रु. २५,०००।- |

निर्णय नं. ११,

नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका, २०७६ बमोजिम पञ्चकन्या गाउँपालिकामा नागरिक आरोग्य कार्यक्रम कार्यान्वयन र आवश्यक समन्वयको लागि देहायबमोजिम स्थानीय नागरिक आरोग्य समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. श्री तेज बहादुर तामाङ (गाउँपालिका अध्यक्ष) -संयोजक
२. श्री अस्पताल प्रमुख - सदस्य
३. श्री हेम नारायण महतो - सदस्य
४. श्री धर्मराज रिमाल - सदस्य
५. संयोजकज्यूबाट मनोनित स्वास्थ्यका २ जना अभियान्ता - सदस्य

Scanned with CamScanner

६. आयुर्वेद औषधालय प्रमुख - सदस्य सचिव

(आयुर्वेद औषधालय यस पालिकामा नभएकोले स्वास्थ्य शाखा प्रमुखले सदस्य सचिवको भूमिका निर्वाह गर्नेछ)

निर्णय नं. १२,

जसले रोप्छ फलफूलको बोट उसको हातमा हरियो नोट कार्यान्वयन कार्यविधि, २०८३ लाई स्वीकृत गर्ने निर्णय गरियो।

Scanned with CamScanner